नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक १९७ २०८० साल फागुन २५ गते शुक्रबार (8 Mar. 2024 Friday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : बीस लाख बालबालिकाले ... ३ पृष्ठमा : मिथिला माध्यमिकी परिक्रमा ... ३ पृष्ठमा : विशेष दर्जा कटौतीपछि...

## एपिएफ विद्यालयमा प्रधानाध्यापकको राजिनामाको विषयलाई लिएर विवाद बाहिरियो

**दैनिक समाचारदाता**
**राजविराज, २४ फागुन ।**

सप्तरीको शम्भुनाथ नगरपालिकामा सशस्त्र प्रहरीको कल्याणकारी सेवा अन्तर्गत संचालित नेपाल एपिएफ ठाको देवी जोगेन्द्र आवासीय विद्यालयका प्रधानाध्यापक चन्द्र शेखर देवले आफुलाई विद्यालयका समादेशक र जग्गादाताले डर त्रास र फसाउने धम्की दिदै जबरजस्ती राजीनामा गर्न लगाएको आरोप लगाएका छन् ।

राजविराज १३ निवासी देव २०७८ माघ २ देखी सो विद्यालयमा प्रधानाध्यापक पदको जिम्मेवारी सम्हाल्दै आएका थिए । उनले ४ दिन अघि फागुन २० गते सो पदबाट राजिनामा दिएका हुन् ।

"सुरक्षाकर्मी राखेर समादेशक डिएसपी दिपक खनालले डर, त्रास र धम्की दिदै जबरजस्ती राजिनामा गर्न बाध्य पारेका हुन्, देवले भने-त्रासपुर्ण अवस्था सृजना गरेपछि राजिनामा लेख्न बाध्य भए ।"

विद्यालयको हरेक गतिवीधीमा निरन्तर हस्तक्षेप तथा अस्तब्यस्त व्यवस्थानबारे प्रश्न



प्रधानाध्यापक चन्द्र शेखर देव

उठाउँदा विद्यालयको जग्गादाता जोगेन्द्र भगत समेतको मिलोमतोमा आफुमाथी यस्तो व्यवहार गरिएको उनको भनाई छ ।

संचारकर्मीहरुसँग कुरा गर्दै उनले सुरक्षा दिने स्थलमा आफु असुरक्षित भएको महशुस भएपछि राजिनामा दिएर न्यायका लागी राष्ट्रिय मानव अधिकार आयोगमा समेत उजुरी दिएको बताए ।

उनले विद्यालय संचालनको हरेक विषयमा समादेशक र जग्गादाताले अनावश्यक हस्तक्षेप गर्ने गरेको र त्यसबारे प्रश्न उठाउँदा आफुलाई षडयन्त्र गरी राजिनामा गर्न बाध्य बनाइएको बताए ।

विद्यालयको जग्गादाता जोगेन्द्र भगतले भने प्रधानाध्यापक देवले लगाएको आरोप विल्कुलै निराधार रहेको दाबी गरे ।

"पदिय आचरण विपरीतका काम गर्दै आएकाले सहज ढंगले "तपाई राजिनामा दिनुस, भनी मात्र भनिएको हो उनले भने, समादेशक वा अन्य कुनै पनि ब्यक्तीबाट यस्तो दुर्व्यहार र दबाव दिइएको छैन ।"

सशस्त्र प्रहरी बल नेपालका सहायक प्रवक्ता शैलेन्द्र थापाले प्रधानाध्यापक देवमाथी त्यस्तो कुनै किसीमको दुर्व्यवहार नगरिएको भन्दै यो प्रहरी संगठनलाई बदनाम

*बाँकी तीन पृष्ठमा*

## जेसीजद्वारा एक दिने निःशुल्क स्वास्थ्य शिविरको आयोजना




**दैनिक समाचारदाता**
**राजविराज, २४ फागुन ।**

राजविराज जेसीजले महिलाहरूमा देखिने घातक रोग पाठेघरको मुखको क्यान्सर एवं स्त्री यौनाङ्गको सम्पूर्ण परीक्षण सम्बन्धी एक दिने निःशुल्क स्वास्थ्य शिविरको आयोजना गरेको छ ।

राजविराज जेसीजको आयोजना र नेपाल परिवार नियोजन संघ सप्तरी शाखाको सहकार्यमा बिहीबार राजविराजमा उक्त एक दिने निःशुल्क स्वास्थ्य शिविरको आयोजना गरिएको हो ।

महिलाहरूमा देखिने घातक रोग पाठेघरको मुखको क्यान्सर

*बाँकी तीन पृष्ठमा*

बोलबम । बोलबम ।। बोलबम ।।।





यही मिति २०८० साल फाल्गुन २५ गते महाशिवरात्री पर्व पर्न गएको हुँदा सो अवसरमा सप्तकोशी ब्यारेजको पवित्र जल काँवरमा ल्याई प्राचीन महादेव श्री हरिनन्देश्वर महादेव मन्दिरमा जल रिसाल गरी पुण्यको भागी बनौं ।

**अनुरोधकर्ता**

श्री हरिनन्देश्वर महादेव मन्दिर संरक्षण, सम्बर्द्धन समिति, राजविराज

## आवश्यक मुआब्जा नपाए भारतका कोशी पीडितले लोकसभा निर्वाचन बहिष्कार गर्ने




**दैनिक समाचारदाता**
**राजविराज, २४ फागुन ।**

भारतका कोशी पीडित संघर्ष समितिका संयोजक एवं जनअधिकार पार्टी बिहार प्रदेशका अध्यक्ष उपेन्द्र कुशवाहाले कोशी पीडितले आवश्यक मुआब्जा नपाए त्यस क्षेत्रका बासिन्दाले भारतमा निकट भविष्यमा हुन लागेको लोकसभा निर्वाचन बहिष्कार गर्ने निर्णय गरिएको जानकारी दिएका छन् ।

कोशी पदयात्रा नाम दिइ निस्केको टोली बारे अग्रिम जानकारी तथा नेपालका कोशी पीडितहरु समेतलाई व्यापक सहभागि गराउने उद्देश्यले बिहीबार राजविराज आइपुगेका उनले सो जानकारी दिएका हुन् ।

उनले नेपाल-भारत दुबै तर्फका कोशी पीडित आ-आफ्नो सरकारको ध्यानाकर्षण र दबाबका लागि मिलेर काम गर्ने नीति अनुसार १५ सूत्रिय माग अघि सार्दै भारतीय भूमिमा कोशी पीडितहरुले थालेको पदयात्रा आगामी चैत ४ गते सप्तरी सुनसरीको बीच सीमामा पर्ने कोशी ब्यारेज पुग्ने बताए ।

कोशीबाट पीडित

*बाँकी अन्तिम पृष्ठमा*

बालविवाह सामाजिक र कानूनी अपराध हो

- बीस बर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी विवाह गर्नु सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुबै हुने कानूनी व्यवस्था छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### सभ्य रुपमा पुजा गरौं, सँस्कृती जोगाऔं

महाशिवरात्रि हिन्दुहरूको प्रमुख चाड मध्ये एक हो । यो भगवान शिवको प्रमुख पर्व हो । भगवान शिवको उत्पत्ति भएको रातका नामबाट नामकरण भएको यो पर्व कालरात्रि, मोहरात्रि, सुखरात्रि र शिवरात्रि नामक चार प्रमुख रात्रि मध्ये एक पवित्र पर्वका रूपमा पुराणहरूमा वर्णित छ । फाल्गुन कृष्ण चतुर्दशीका दिन मनाइने यस पर्वलाई सम्पूर्ण दीन दुःखी र कष्टपूर्ण अवस्थामा रहेका प्राणीहरूको हृदयमा धर्मको उदय गराउने आशुतोष भगवान् शिवको अति प्यारो दिनका रूपमा पनि लिइने गरिन्छ । व्रत उत्सव मध्ये सर्वोत्तम कहलिएको महाशिवरात्रिका दिन भक्तजनहरूले शुद्ध भई शिव मन्दिरमा पूजा-अर्चना गरी व्रत बस्ने र भगवान् शिवको प्रिय वस्तु दूध, धतुरो र बेलपत्र चढाउने गर्दछन् ।

यस पर्वका दिन उपवास गरी “ॐ नमः शिवाय“ मन्त्र जप्ने गरेमा सर्वसिद्धि लाभ भई यमलोक जानु नपर्ने धार्मिक विश्वास रहेको छ । ब्रह्माले रूद्ररूपी शिवजीलाई उत्पन्न गरेको दिन, शिव पार्वतीको विवाहको दिन शिवरात्रि पर्व कृष्ण चतुर्दशीमा मनाइन्छ । निर्जल व्रत, रात्रि जागरण, चार प्रहरको पूजा, शिवलिंगमा दूधको अभिषेक र शिव महिमा कीर्तन शिवरात्रिको पूजा अर्चनाका मुख्य अङ्ग मानिन्छन् । पूजन वा शिवार्चनमा इशान मूर्तिलाई दूधले स्नान गराइन्छ । सृष्टिको प्रारम्भमा यसै दिन मध्यरात्रि कालमा भगवान् शंकर ब्रह्माबाट रुद्रका रूपमा अवतरण भएका थिए भन्ने धार्मिक विश्वास रहेको छ ।

तर कहिले यो पर्वमा भाग, गाजा तथा धतुर सेवन गर्ने परम्परा जस्तै भइसकेको छ । यसमा भक्तजनहरु ती पदार्थहरु सेवन गरि आफूलाई शिवको भक्त ठान्ने गरेका छन् । शरीरलाई हानी पुऱ्याउने पदार्थहरु सेवन गर्नु पक्कै पनि राम्रो होइन् । तसर्थ यस्ता सभ्य रुपमा पुजाआजा गरि पर्व मनाउनेतर्फ ध्यान पुगेमा संस्कृतीको जर्गेर्ना, उत्थान तथा सम्बर्द्धन हुनेछ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# बीस लाख बालबालिकाले दादुराको खोप लगाए

काठमाडौँ, २४ फागुन (रासस) ।
सरकारले सञ्चालन गरेको दादुरा-रुबेलाविरुद्धको खोप अभियानमा अहिलेसम्म करिब २० लाख बालबालिकाले खोप लगाइसकेका छन् ।

बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमका अनुसार कुल ५७ लाख ४२ हजार नौ सय ९३ बालबालिकामध्ये प्रारम्भिक चरणमा अहिलेसम्म करिब २० लाखले खोप लगाएका हुन् ।

उहाँका अनुसार ४४ जिल्लाको प्रारम्भिक प्रतिवेदनअनुसार करिब ३४ प्रतिशतले खोप लगाएका हुन् । एकतीस जिल्लाले अझै रिपोर्ट बुझाएका छैनन् । “रिपोर्ट पठाएका ती जिल्लाले पनि कोहीले भर्खरै अभियान सञ्चालन गरेका छन्”, उहाँले भन्नुभयो, “हिमालका ११ जिल्लामा हिउँ परेकाले भर्खरमात्रै अभियान सञ्चालन गरेका छन् ।”

उहाँका अनुसार हिउँका कारण मनाङ र मुस्ताङमा अझै खोप अभियान सुरु भएको छैन । दादुरा-रुबेला सङ्क्रमणको जोखिमलाई मध्यनजर गर्दै यही फागुन १३ देखि आगामी चैत ७ गतेसम्म ७५ जिल्लामा खोप अभियान सञ्चालन गरिएको हो । भूकम्पले प्रभावित भएका जिल्ला रुकुम पश्चिम र जाजरकोटमा यसअघि नै खोप लगाइसकिएको छ ।

भारतसँग सीमा जोडिएका दादुरा-रुबेलाको अति सङ्क्रमित २१ जिल्ला र काठमाडौँ उपत्यकाका तीन गरी २४ जिल्लामा नौ महिनादेखि १५ वर्ष मुनिका र ५१ जिल्लाका नौ महिनादेखि पाँच वर्षसम्मका बालबालिकालाई पनि खोप लगाइँदै छ । खोप बिहान १० देखि अपराह्न ४ बजेसम्म बालबालिकालाई विद्यालय तथा खोप केन्द्रमा लगाइँदै छ ।

खोप अभियानका लागि देशभरि ४८ हजार सात सय ९८ खोप केन्द्र रहेका छन् । यस्तै ४९ हजार नौ सय ३७ स्वास्थ्यकर्मी र ५९ हजार नौ सय छ स्वयंसेवक परिचालन गरिने छ । शाखाका प्रमुख डा गौतमले खोप सुरक्षित र प्रभावकारी रहेको जनाउँदै यसले ८५ प्रतिशतलाई दादुरा-रुबेला रोगसँग लड्ने क्षमता विकास गर्ने बताउनुभयो ।

# चीनको आर्थिक विकासले नेपाललाई पनि फाइदा पुग्छ : विज्ञ

काठमाडौँ, २४ फागुन ।
छिमेकी मुलुक चीनले गरेको आर्थिक विकासले नेपाललगायतका छिमेकी मुलुकलाई फाइदा पुग्नसक्ने बताइएको छ ।

चाइना मिडिया गुप्रको आयोजना तथा नेपाल-चीन युवामैत्री सङ्घको सहआयोजनामा बुधबार यहाँ आयोजित ‘चीनको आर्थिक विकास र छिमेकी देशका लागि नयाँ अवसर’ विषयक अन्तर्क्रियामा वक्ताहरूले चीनको आर्थिक विकासले अन्य छिमेकी मुलुकलाई फाइदा पुग्ने बताएका हुन् ।

कार्यक्रममा चीनका लागि नेपाली पूर्वराजदूत लीलामणि पौड्यालले चीनले लिएको आर्थिक नीतिले विश्वलाई नै प्रभाव पार्ने बताउनुभयो । चीनमा स्थिरता र आर्थिक विकास हुँदा नेपाललाई फाइदा पुग्ने उहाँको भनाइ थियो ।

“सन् २००८ मा विश्वमा आएको आर्थिक मन्दीको बेलामा चीनले लिएको आर्थिक नीतिले विश्वको अर्थतन्त्रमा केही सहयोग पुगेको थियो, नेपाल छिमेकी मुलुक भएको कारण चीनको नीतिले नेपाललाई प्रभाव पर्दैन भन्न मिल्दैन”, उहाँले भन्नुभयो ।

कूटनीतिज्ञ हिरण्यलाल श्रेष्ठले छोटो समयमा चीनले आर्थिक विकासमा ठूलो फड्को मारेको बताउनुभयो । उहाँले चिनियाँ राष्ट्रपति सीजिन फिङको नेपाल भ्रमणले नेपालको विकासमा केही आशा जागेको उल्लेख गर्नुभयो ।

नेपालस्थित चिनियाँ राजदूतावासका प्रतिनिधि वाङ सीनले तीव्र औद्योगीकरणको विकास र अनुसन्धानका कारण चीनको अर्थतन्त्रले फड्को मार्न सफल भएको बताउनुभयो । उहाँले सन् २०२३ मा चीनले विश्व अर्थतन्त्रमा ४२ प्रतिशत योगदान गरेको दाबीसमेत गर्नुभयो ।

निर्यात व्यवसायी महासङ्का अध्यक्ष शङ्कर पाण्डे, नेपाल-चीन सांस्कृतिक तथा शैक्षिक परिषद्का अध्यक्ष डा हरिशचन्द्र शाह, वर्ल्ड कल्चरल नेटका अध्यक्ष दीपक सरकार, नेपाल हिमालय सीमापार वाणिज्य सङ्घका महासचिव रामचन्द्र पराजुली, चीन अध्ययन केन्द्रका सचिव प्रकाशबाबु पौडेललगायतले नेपाल र चीनबीचको सम्बन्ध जुन हिसाबले विकसित हुनुपर्ने हो त्यो हुन नसकेको बताउनुभएको थियो ।

उहाँहरूले दुई देशबीच भाषाको समस्या, चीनमा व्यापारको समयमा लेनदेनको समस्या, सामान पठाउनका लागि बोर्डरमा प्रयोगशाला नहुँदा नेपाली व्यवसायीले ठूलो समस्या झेल्नुपरेको बताउनुभएको थियो । चाइना मिडिया गुप्र, दक्षिण एसिया ब्यूरोका प्रमुख चाङ युए वर्षा, नेपाल-चीन युवामैत्री सङ्घका अध्यक्ष विष्णु सापकोटाले नेपाल-चीन सम्बन्धबारे जनतामाझ रहेको भ्रम चिर्दै नेपालको विकासमा लाग्नुपर्नेमा जोड दिनुभयो ।

# रूस जाँदा ‘नो अब्जेक्सन सर्टिफिकेट’ अनिवार्य गरिएको छ : प्रधानमन्त्री

काठमाडौँ, २४ फागुन ।
प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले रूसी सेनामा नेपालीको भर्ती अवैध भएको जानकारी रूसी सरकारलाई गराइसकिएको र रूस जाँदा ‘नो अब्जेक्सन सर्टिसफिकेट’ अनिवार्य गरिएको बताउनुभएको छ ।

प्रतिनिधिसभाको बिहीबारको बैठकमा सांसदले उठाउनुभएको प्रश्नको जवाफ दिँदै उहाँले रूसी सेनामा नेपाली नागरिकलाई भर्ना नगर्न र भर्ना भएकालाई नेपाल फिर्ता गर्न कूटनीतिक प्रयास अघि बढाइएको स्पष्ट पार्नुभयो ।

प्रधानमन्त्री दाहालले रूसी सेनामा भर्ना भई निधन भएका नेपाली नागरिकको शव स्वदेश फिर्ता ल्याउने, मृतकका परिवार तथा घाइतेलाई क्षतिपूर्ति उपलब्ध गराउने र युक्रेनी सेनाले बन्धक बनाएका नागरिकलाई स्वदेश फिर्ता गर्ने सम्बन्धमा सम्बन्धित देशका अधिकारीसँग संवाद भइरहेको जानकारी गराउनुभयो ।

“पछिल्लो समयमा क्षतिपूर्ति र बीमा रकम नेपाली राजदूतावासको खातामा जम्मा गरी कन्सुलर सेवा विभागमार्फत् पीडित परिवारलाई उपलब्ध गराउन रूस सरकार सहमत भएको छ”, प्रधानमन्त्री दाहालले भन्नुभयो, “अध्ययन छात्रवृति तथा पेसा व्यवसायमा संलग्नबाहेकका नागरिकले रूस यात्रा गर्नु परे ‘नो अब्जेक्सन सर्टिफिकेट’ अनिवार्य गरिएको छ ।”

सुचना सुचना सुचना

यस समिति को मिति २०८०।११।२२ गते को निर्णयानुसार समितिको छैठौं बार्षिक साधारण सभा निम्न मिति, स्थान एंव समयमा हुने भएकोले यस समितिको आजिवन सदश्यज्यू हरु को गरिमामय अनिवार्य उपस्थिति को लागि साग्रह अनुरोध गार्दछु ।

कार्यक्रम

१. मिति २०८०।१२।१० गते शनिवार
२ स्थान :- माँ वैस्णवी काली मन्दिर परिसर रा.वि.३
३. उदघाटन सत्र विहान ११ बजे दोखि १ बजे सम्म
४. १ बजे देखि २ बजे सम्म चिया पान
५. बन्द सत्र २ बजे देखि ४ बजे सम्म

महा सचिव
राधेश्याम रमण
माँ वैष्णवी काली सेवा समिति, राजविराज

# मिथिला माध्यमिकी परिक्रमा सुरु हुँदै

**निरञ्जनकुमार साह**
धनुषा, २४ फागुन (रासस)।

मिथिला माध्यमिकी परिक्रमा यही फागुन २७ गतेदेखि सुरु हुँदैछ। धनुषाको कौचरीबाट १५ दिवसीय ऐतिहासिक धार्मिक महत्व बोकेको परिक्रमा सुरु हुन लागेको हो।

नेपाल र भारतका हजारौँ सङ्ख्याका श्रद्धालुले १५ ठाउँमा विश्राम गरी एक सय ३३ किलोमिटर पैदल यात्रा गर्छन्। माध्यमिकी परिक्रममा स्वरुप अनौठो खालको छ। बिनानिम्तो लाखौँ भक्तजन परिक्रमावासी पुगेको स्थानमा पुग्छन्। जहाँ ठूलो मेला लाग्छ। नेपाल र भारतको उक्त दूरी नाङ्गो खुट्टाबाटै भ्रमण गरिन्छ। त्यहाँ १५ देव तथा तीर्थस्थलमा तीर्थालु पुग्छन्। प्रत्येक रात त्यहीँ बास बस्छन्।

मिथिला माध्यमिकी परिक्रमा १८औँ शताब्दीबाट चल्दै आएको जानकी मन्दिरका महन्त रामतपेश्वर दास वैष्णवले बताउनुभयो। सोही यात्राका लागि फागुन २७ गते धनुषाको मिथिला विहारी नगरपालिका-८ कौचरीस्थित मिथिला विहारी मन्दिरबाट झाँकी कीर्तनसहित श्रद्धालु प्रस्थान हुने मिथिला विहारी मन्दिरका महन्त रामनरेश शरणले बताउनुभयो।

माध्यमिकी परिक्रमा भक्तजन दिल खोलेर रमाउँछन्। ढोलक, झायल, कर्ताल, हारमुनियमको तालमा कृतनमण्डली नाच्छन्। भक्तजनले 'जय सियाराम, जय सीयाराम...' भन्दै भगवान्को महिमा गान गाउँछन्।

धनुषाको कचुरीस्थित मिथिला विहारी मन्दिरबाट रामजानकी डोला (प्रतिमा) को अगुवाइमा निस्केको यो धार्मिक यात्रा ठेरा, जमुनिया, बेंगाशिवपुर हुँदै जनकपुरको रत्नसागर मन्दिर पुग्छ। त्यहाँ खाना खाएर परिक्रमाका सहभागी जानकी मन्दिरको दर्शन गर्दै राति जनकपुर उपमहानगरपालिका-१२ कुवारामपुरस्थित हनुमानगढीमा विश्राम गर्छन्।

सूर्योदयलगत्तै उनीहरु भारतको कलानेश्वरका लागि बाटो तताउँछन्। त्यहाँबाट विधिवत् परिक्रमा थालिएको मानिन्छ। यात्रा गरेको चौथौँ दिन प्रवित्र भूमि मटिहानी आइपुग्छ। कोसी, गण्डक, गङ्गा, हिमालय मिथिला क्षेत्रभित्र पर्दछ। यो बृहत् परिक्रमाभित्र पर्छ। राजा जनकको राजधानी जनकपुरधामलाई परिक्रमा गर्नु भनेको माध्यमिकी परिक्रमा हो।

करिब पौने दुई सय वर्ष पहिले सीयालाल प्रभंस नाम गरेका सन्तले १०-१२ जना साधु मिलेर परिक्रमाको सुरु गर्नुभएको थियो। त्यसपछि मिथिला विहारी (राम)को डोला सुरु भएको बताइन्छ। त्यसपछि किशोरी जीको पनि डोला सुरु भएको भनाइ छ। परिक्रमाले दुवै देशको संस्कृतिलाई जोड्ने काम गर्दछ। यसले मानवलाई धर्मका माध्यमबाट नैतिकवान् र आशावादी बनाउँछ।

यसको प्रचारप्रसार भएको भए यसले देशलाई राम्रै फाइदा हुने बृहत् जनकपुरधामका अध्यक्ष शीतल साहले बताउनुभयो। माध्यमिकी परिक्रमालाई सोध, खोज र अनुसन्धानको विषय बनाउनुपर्ने उहाँले बताउनुभयो। पन्ध्रदिने यस धार्मिक यात्रालाई व्यवसायीकरण गरेर वार्षिक करोडौँ आर्जन गर्नसक्ने सम्भावना रहेको अध्यक्ष साहले बताउनुभयो।

मिथिला विहारी, जनकपुरको सुन्दर सदन मन्दिरबाट किशोरीजी र रामजानकीसहित जनकपुरधामको अन्य डोला हनुमानगढीमा आइतबार जम्मा हुने सुन्दर सदनका महन्त नवलकिशोर दासले बताउनुभयो।

उहाँका अनुसार आइतबार सबै तीर्थालु हनुमानगढीमा जम्मा हुनेछन्। दोस्रो दिन २८ गते सोमबार बिहानै कल्याणेश्वरका लागि यात्रु प्रस्थान गर्नेछन्। तेस्रो दिन २९ गते भारतकै फूलहरस्थित गिरिजा स्थानमा पुगेर परिक्रमाका यात्रीले विश्राम गर्नेछन् भने ३० गते ऐतिहासिक स्थान महोत्तरीको मटिहानी पुग्ने उहाँले बताउनुभयो।

त्यसैगरी चैत १ गते जलेश्वरनाथ महादेव स्थानमा विश्राम गर्नेछ भने २ गते मडै, ३ गते ध्रुवकुण्ड पुगेर विश्राम गरिने कार्यक्रम रहेको दासले बताउनुभयो। चैत ४ गते कञ्चनवन पुगेर त्रेतायुगमा राम र सीताले होली मनाएको लोकमान्यताअनुसार त्यहाँ यात्रीहरुले होली महोत्सव मनाउने गरेको मिथिला विहारी मन्दिरका महन्थ रामनरेश शरणले बताउनुभयो।

यस्तै चैत ५ गते धनुषाको पर्वता अर्थात् क्षीरेश्वरनाथ महादेव स्थानमा श्रद्धालुले विश्राम गर्नेछन् भने ६ गते धनुषाधाममा धनुष मन्दिरमा पुगेर विश्राम गर्नेछन्। चैत ७ गते सतोखर, ८ गते औरही र ९ गते पुन:भारतको विहारस्थित करुणा स्थानमा विश्राम तथा १० गते विसौलमा पुगेर विधिवत्रुपमा परिक्रमा समापन हुनेछ। अन्तिम दिन जनकपुर नगरको पाँचकोसे अन्तरगृह परिक्रमा गरी समाप्त हुनेछ।

तराई-मधेस र पहाड गरी दुई क्षेत्रका नेपालीलाई एक ठाउँमा ल्याउने सेतु माध्यमिकी परिक्रमा रहेको जानकार डा राजेन्द्र विमल बताउनुहुन्छ। प्राचीन मिथिलाको राजधानी जनकपुरको चारै कुनामा राजा जनकले चार शिवालय क्रमश: कलानेश्वर, जलेश्वर, क्षीरेश्वर र सप्तेश्वर स्थापना गर्नुभएको छ।

त्यसलाई आधार मानी परिक्रमा गरिन्छ। चारवटै शिवालय राजा जनकका इष्ट देव हुन्। वर्षमा एकपटक विशालरुपमा तिर्थालुहरु मोक्ष प्राप्तिका लागि मिथिलाको माध्यमिकी परिक्रमा गर्छन्। मिथिलाधामको परिक्रमा गरेपछि मात्रै पाप कट्छ भन्ने धार्मिक विश्वास छ। अति प्राचीन ग्रन्थ विष्णु पुराणअन्तर्गतको मिथिला माहात्मको अध्याय-१२ को ३३ श्लोकमा मिथिला परिक्रमाकाबारेमा विस्तृत वर्णन गरिएको छ।

### *एपिएफ विद्यालयमा ...*

गर्ने प्रयास मात्र भएको बताए।

"विद्यालय जस्तो ठाउँमा प्रहरीले प्रधानाध्यापक जस्तो व्यक्तीसँग त्यस्तो व्यवहार गर्नै सक्दैन, उनले भने-जिम्मेवार ब्यक्तीबाट गैर जिम्मेवार कुरा प्रचारबाजी गर्नू उपयुक्त होइन।"

उनले प्रधानाध्यापकको काम अध्यन र अध्यापन चुस्त दुरुस्त बनाई शिक्षालाई कसरी गुणस्तरीय बनाउने भन्नेमा केन्द्रित हुनु पर्नेमा सबै तिर अनावश्यक हस्तक्षेप गरेर प्रधानाध्यापक पदिय मर्यादा विपरीत अघि बढेको जानकारी आफुलाई प्राप्त भएको बताए।

### *जेसीजद्वारा एक ...*

एवं स्त्री यौनाङ्गको सम्पूर्ण परीक्षण गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको कार्यक्रम संयोजक सुनित कुमार मुन्नाले जानकारी दिए।

सो कार्यक्रममा राजविराज जेसीजकी पूर्व अध्यक्ष नानीमैया कटवालले अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा गरिएको कार्यक्रमले महिला स्वास्थ्यको क्षेत्रमा टेवा पुग्ने बताइन।

राजविराज जेसीज वर्ष २०२४ का शाखा अध्यक्ष विप्लव आनन्दले महिलाहरूलाई लक्षित गरी आयोजना गरिएको कार्यक्रमले समाजमा एउटा बेग्लै छाप छोड्ने बताए।

आगामी दिनमा पनि राजविराज जेसीजले यस्ता कार्यक्रमहरुलाई निरन्तरता दिदैं अगाडि बढ्ने राजविराज जेसीजका महसचिव जेसी पंकज कुमार देवले बताए।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी**

## विश्व समाचार

## विशेष दर्जा कटौतीपछि भारतीय प्रधानमन्त्रीको पहिलो काश्मिर भ्रमण

श्रीनगर (भारत), २४ फागुन (रासस/एएफपी)।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले सन् २०१९ मा विवादित क्षेत्र कास्मिरको अर्ध स्वायत्तता खारेज गरेपछिको पहिलो भ्रमणका क्रममा बिहीबार भारत प्रशासित कास्मिरको मुख्य सहरमा र्‍याली गर्नुहुने भएको छ।

मोदी सरकारले मुस्लिम-बहुल क्षेत्र कास्मिरको विशेष संवैधानिक हैसियत खोस्दै पहिलाको राज्यलाई नयाँदिल्लीबाट प्रत्यक्ष शासित दुई क्षेत्रमा विभाजित गरेको थियो। उक्त कदमलाई सम्पूर्ण भारतमा स्वागत गरियो। यसबाट बाक्लो सैन्यीकृत क्षेत्रमा धेरै मानिसलाई असन्तुष्ट बनायो।

हिमाली क्षेत्र कास्मिरमा विद्रोहीहरूले सन् १९८९ देखि स्वतन्त्रता वा पाकिस्तानसँग विलयको माग गर्दै विद्रोह गरेका छन्। पाकिस्तानले कास्मिर क्षेत्रको एउटा सानो भूभागलाई नियन्त्रण गरेको छ। भारतले भने सम्पूर्ण कास्मिरमाथि दाबी गर्दछ। हिन्दू राष्ट्रवादी नेता मोदीले दिउँसोतिर एउटा सार्वजनिक सभालाई सम्बोधन गर्ने कार्यक्रमका लागि हजारौँ सशस्त्र प्रहरी र अर्धसैनिक बललाई परिचालित गरिएको छ भने कास्मिरको मुख्य सहर श्रीनगरमा नयाँ प्रहरी चौकीहरू स्थापना गरिएको छ।

"विभिन्न विकास कार्य पनि राष्ट्रलाई समर्पित गरिनेछ", भ्रमणअघि मोदीले सामाजिक सञ्जाल एक्समा भन्नुभएको छ, "कृषि अर्थतन्त्रलाई प्रवर्द्धन गर्ने र पर्यटन कार्यक्रम पनि समावेश छ।" मोदीले प्रतिष्ठित मुस्लिम तीर्थस्थल  हजरतबल वरपरका पूर्वाधारको पनि उद्घाटन गर्नुहुने सरकारी विज्ञप्तिमा जनाइएको छ।

यो भ्रमण मेमा हुने भारतको राष्ट्रिय निर्वाचनअघि हुँदैछ। यो भ्रमण यस क्षेत्रको स्वायत्तता गुमाएपछिको पहिलोसमेत हो। कास्मिरमा अन्तिमपटक स्थानीय निर्वाचन सन् २०१४ मा भएको थियो। नयाँदिल्लीको कास्मिरमा प्रत्यक्ष शासनबाट उक्त क्षेत्रमा 'शान्ति र विकास' को नयाँ युग आएको मोदी सरकारले दाबी गरेको छ तर आलोचक तथा धेरै बासिन्दाहरूले यसले नागरिक स्वतन्त्रता र प्रेस स्वतन्त्रतामा व्यापक कटौती गरेको बताएका छन्।

सुरक्षा बलहरूले बिहीबार सडकहरूका साथै श्रीनगर हुँदै बग्ने नदी किनारमा मोटरबोटहरूबाट गस्ती गरेका छन्। सहरका अधिकांश विद्यालय दिनभरका लागि बन्द गरिएको छ र अधिकारीहरूले सरकारी कर्मचारीहरूलाई र्‍यालीमा उपस्थित हुन आह्वान गरेका छन्। जम्मू-कास्मिरका पूर्वमुख्यमन्त्री उमर अब्दुल्लाले सरकामाथि र्‍यालीमा सहभागी हुनका लागि भीड बनाउन बसहरूको व्यवस्था गरेको आरोप लगाउँदै 'लगभग कसैले पनि' स्वेच्छाले उपस्थित नहुने बताउनुभयो।

## रुसी सेनासँगै लड्ने एक नागरिकको मृत्यु भएको भारतको पुष्टि

नयाँदिल्ली, २४ फागुन (रासस/एएफपी)।

एक नातेदारले युक्रेनमा लड्न पठाइएको बताएको केही दिनपछि रुसी सेनाले भर्ती गरेको एक नागरिकको मृत्यु भएको मस्कोस्थित भारतीय दूतावासले बताएको छ। रुसको आक्रमण सुरु भएको दुई वर्षपछि युक्रेनमा उसका हजारौँ सैनिक मारिएका छन् र मस्को थप लडाकूहरूको वैश्विक खोजीमा छ।

नयाँदिल्लीमा विदेश मन्त्रालयले गत महिना रुसी सेनामा 'फँसेका' करिब २० भारतीय नागरिकको सुरक्षित रिहाइका लागि काम गरिरहेको बताएको थियो। दूतावासले मोहम्मद अफसानको मृत्युपछाडिको परिस्थितिबारे खुलाएन तर उनको परिवार र रुसी अधिकारीहरूको सम्पर्कमा रहेको बताएको छ। "मिसनले उनको पार्थिव शरीर भारत पठाउन प्रयास गर्नेछ", दूतावासले सामाजिक सञ्जाल एक्समा लेखेको छ।

अफसानका भाइ मोहम्मद इमरानले फेब्रुअरीमा आफ्नो भाइ करिब दुई महिनादेखि बेपत्ता भएको बताउनुभएको थियो। अफसानले अन्तिमपटक दक्षिणी रुसी सहर रोस्तोभ-अन-डनबाट फोन गरेर उनलाई अग्रिम मोर्चाका लागि तैनाथ गरिएको बताएको इमरानले बताउनुभएको थियो।

भाग्न सफल अर्को एक भारतीय सैनिकले आफ्नो परिवारलाई ३० वर्षीय अफसान गोली लागेर घाइते भएको बताएको इमरानले बताउनुभयो। अफसान रुसी सेनामा कार्यरत आफ्ना नागरिकमध्ये भारतीय अधिकारीहरूले पुष्टि गरेको पहिलो मृत्यु हो र समग्रमा यो दोस्रो मृत्यु हो। गुजरात राज्यका २३ वर्षीय एक व्यक्ति 'सुरक्षा सहायक' का रूपमा काम गर्दा युक्रेनी हवाई आक्रमणमा मारिएको स्थानीय सञ्चारमाध्यमले आफन्त र अर्को भारतीय सैनिकलाई उद्धृत गर्दै गत महिना बताएको थियो।

सेनामा भर्ती भएका केही भारतीयले गत महिना अग्रिम मोर्चामा पठाइनुअघि उनीहरूलाई उच्च तलब र रुसी राहदानी दिने वाचा गरेर सेनामा सामेल हुन प्रलोभन दिइएको बताएका थिए। आफूहरूलाई गैर-लडाकू भूमिका दिने वचन दिइएको तर युक्रेन पठाउनुअघि कलाश्निकोभ एसल्ट राइफल र अन्य हतियारको प्रयोग गर्नका लागि प्रशिक्षित गरिएको उनीहरूले बताएका थिए।

# शुद्धिकरणमा परेकाहरुद्वारा पत्रकार महासंघमा तालाबन्दी



**दैनिक समाचारदाता**
**राजविराज, २४ फागुन ।**

नेपाल पत्रकार महासंघ सप्तरीमा सदस्यता शुद्धिकरणमा परेकाहरुले तालाबन्दी गरेका छन् ।

पीडित पत्रकारहरुको समूह सप्तरी लेखिएको व्यानरमा तीन बुँदे माग राख्दै उनीहरुले बिहीबार महासंघको कार्यालयमा अनिश्चितकालिन तालाबन्दी गरेका हुन् ।

नेपाल पत्रकार महासंघ शाखा सप्तरीले तीन बर्ष बितिसक्दा पनि एक पटक साधारण सभा नगरेको, सदस्यता शुद्धिकरणको नाममा पक्षपात गरी सदस्यता नविकरण नगरेको र योग्य पत्रकारहरुलाई सदस्यता प्रदान नगरेको सहितका माग पुरा नभए सम्मका लागि तालाबन्दी गरिएको समूहका अगुवा जितेन्द्र खड्काले जानकारी दिए ।

शुद्धिकरण सम्बन्धमा केन्द्रबाट आएको सर्कुलरको सम्मान गर्दै स्थानिय स्तरमा मापदण्ड निर्धारण गरेर शुद्धिकरण गर्न आफूले सुझाव समेत दिएको खडकाले बताए । 'सप्तरीको साथीहरुले शुद्धिकरण गर्दा शाखाप्रतिको योगदानलाई कदर गर्न सुझाव दिएको थिए' उनले भने ।

यता नेपाल पत्रकार महासंघ शाखा सप्तरीका अध्यक्ष श्रवण कुमार देवले महासंघको कार्यालयमा तालाबन्दी गर्नु न्यायोचित काम नभएको बताएका छन् । उनले महासंघ विधि र प्रक्रियाबाट चल्ने नागरिकहरुको अगुवा संस्था भएकोले कार्यालयमा तालाबन्दी गर्नु निन्दनीय काम भएको बताए ।

असंतुष्ट पक्षले ज्ञापनपत्र बुझाए लगतै महासंघको कार्यसमितिले पत्रकार सम्बद्ध संगठन समेतको सहभागितामा वार्ताबाट समस्याको समाधान गर्ने निर्णय गरे अनुसार उहाँहरुलाई वार्तामा बोलाईएको भएपनि वार्ता प्रक्रियाबाट पछि हटेर गलत मानसिकताबाट प्रेरित भई महासंघमा तालाबन्दी गरेको अध्यक्ष देवले प्रतिक्रिया जनाएका छन् ।

'पटक-पटक साधारण सभा गर्ने प्रयास भएकै हो, गत बैशाख २५मा साधारण सभा गर्न लाग्दा सो हुन नदिन सल्लाहकार खडका पनि कसेरै लागे । शुद्धिकरणमा पनि वहाँको अग्रणी भूमिका छ, अनि अहिले आएर दोहरो भूमिका गर्नु भएन' अध्यक्ष देवले भने,'पछिल्लो पुस २० गते साधारणसभा गर्न लाग्दा केन्द्रले रोकेको छ, त्यहाँबाट निर्देशन भएपछि हामी गर्ने नै छौं ।'

लामो समय देखि पत्रकारीता पेशा छोडेर अन्य पेशा व्यवसायमा गएकाहरुलाई केन्द्रले तोकेको १५ बुँदे शुद्धिकरण मापदण्ड अनुसार सदस्यताबाट हटाईएको र पत्रकार महासंघलाई विशुद्ध पत्रकारहरुको संस्था बनाउने प्रयास गरिएको अध्यक्ष देवले बताए ।

नेपाल पत्रकार महासंघ नागरिकहरुको अगुवा संस्था, प्रेस अभिवक्ति स्वतन्त्रताको रक्षार्थ लडदै आएका संस्थामा तालाबन्दी गर्नु प्रेस स्वतन्त्रतालाई कुठित पार्ने काम भएको अध्यक्ष देवको भनाई छ ।

वार्ता र सम्वादको ढोका अहिले पनि खुल्ला नै रहेकोले उनीहरुलाई वार्तामा बसेर समस्याको निकास निकाल्न देवले आग्रह गरेका छन् ।

## *आवश्यक मुआब्जा ...*

भएकाहरुको समस्या समाधानका लागि आ-आफ्नो मुलुकका सरकारको ध्यानाकर्षण गराउन नेपाल-भारत दुबै क्षेत्रमा पदयात्राको आयोजना गरिएको उनको भनाई छ । भारतीय भुमि सहरसा, सिपौल, मधुबनी र दरभंगामा फागुन १९ देखी सुरु भएको कोशी पदयात्रा चैत्र ४ गते नेपालको कोशी ब्यारेज पुगि सम्पन्न हुने र त्यसपछि दोश्रो चरणको आन्दोलन कार्यक्रम घोषणा गरिने उनले बताए ।

मुआब्जाका लागि दशकौंदेखी सप्तरी, सुनसरी, र उदयपुरका कोशी पीडितहरु संघर्षरत रहेका बेला कोशीबाट पीडित सीमावर्ती भारतीय क्षेत्रका वासिन्दा समेत आन्दोलित भएका छन् । उनले दुबै तर्फका कोशी पीडितहरुको समस्या एकै प्रकारका रहेको भन्दै मिलेर अघि बढ्दा आ-आफ्नो सरकारलाई ती समस्या समाधानका लागि घचघचाउन र दबाब बनाउन बल मिल्ने विश्वास समेत व्यक्त गरे ।

उनले कोशीको बाढीबाट सीमावर्ती भारतको सहरसा, सुपोल, दरभंगा र मधुवनीका ३ सय ८० गाउँका जनता प्रभावित बन्दै आएको जानकारी समेत दिए ।

"आफूहरुको अभियानमा नेपालका सप्तरी, सुनसरी र उदयपुरका कोशी पीडितहरुको पनि साथ, सहयोग र समर्थन प्राप्त होस् भन्ने उद्देश्यका साथ आएका हौं, उनले संचारकर्मीहरुको भेटघाटमा भने, सबैले सहयोगको प्रतिबद्धता जनाएका छन् ।"

उनले कोशीबाट पीडित भारतीय र नेपाली दुबैलाई मुआब्जा उपलब्ध गराउनु पर्नेसहितका १५ बुँदे माग सहितको ज्ञापनपत्र भारतको बिहार राज्य र केन्द्रिय सरकारलाई बुझाइसकेको जानकारी समेत दिएका छन् । कोशी कटान डुवान पीडित संघर्ष समिति सप्तरी, सुनसरी र उदयपुरका संयोजक महिदेव चौधरीले कोशी पीडितको पक्षमा आवाज उठाउने सबैप्रति आफूहरुको समर्थन र सहयोग रहने जनाएका छन् ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँपालिका, सप्तरी**

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**विष्णुपुर गाउँपालिका, सप्तरी**

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*